आज मिति २०८२।०३।२३ गते सोमबारका दिन यस गाउँपालिकाको कार्यबाहक अध्यक्ष श्री माया सिलवालज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थितिः</u>

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री माया सिलवाल | कार्यबाहक अध्यक्ष |
| २. | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ३. | | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ४. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं ३ नं. वडा अध्यक्ष |
| ५. | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ६. | | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ७. | | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ८. | | श्री बमबहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| ९. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| १०. | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| ११. | टेकमाया | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १३. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १४. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

<u>अन्य उपस्थितिः</u>

१. उद्धराम तिमिल्सिना व.लै.अ.
२. बाबु पण्डित व.शा.अ.
३. तेज कुमार धमला अधिकृत छैठौं
४. ई. कमल राउत इन्जिनियर सातौं

## कार्यपालिका बैठकको प्रस्ताब पेश कार्यसूची

बैठक संख्या: ५७

अध्यक्षता: श्री माया सिलवाल, कार्यबाहक अध्यक्ष

बैठक मिति: २०८२।०३।२३

बैठक स्थान: इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।

बैठक समय: विहान ९:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२।०३।२३ | ९:०० बजे | इच्छाकामना गाउँपालिकाको दोस्रो पञ्चबर्षिय आवधिक योजना (२०८२।०८३-२०८६।०८७) स्वीकृति सम्बन्धमा। | योजना शाखा | १ |
| २०८२।०३।२३ | ९:०५ बजे | इच्छाकामना गाउँपालिकाको ग्रामिण सडक गुरुयोजना (MTMP) स्वीकृति सम्बन्धमा। | पूर्वाधार विकास शाखा | २ |
| २०८२।०३।२३ | ९:१० बजे | इच्छाकामना गाउँपालिकाको पञ्चबर्षिय रोजगार रणनीति (२०८२।०८३-२०८६।०८७) स्वीकृति सम्बन्धमा। | रोजगार सेवा केन्द्र | ३ |
| २०८२।०३।२३ | ९:१५ बजे | श्री राष्ट्रिय मा.वि. हात्तीबाङ्गको विद्यालय परिसरमा सरस्वतीको मन्दिर बनाउँदा लागेको खर्च भुक्तानी सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ४ |
| २०८२।०३।२३ | ९:२० बजे | ईलाका प्रहरी कार्यालयलाई सवारी मर्मत बापतको खर्च र इन्धन उपलब्ध गराउने सम्बन्धमा। | जिन्सी शाखा | ५ |
| २०८२।०३।२३ | ९:२५ बजे | आ.व. २०८१।०८२ को तेस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन सम्बन्धमा। | प्रशासन शाखा | ६ |
| २०८२।०३।२३ | ९:३० बजे | योजनाको म्याद थप सम्बन्धमा। | योजना शाखा | ७ |
| २०८२।०३।२३ | ९:३५ बजे | बालगौरी पाथिभरा मन्दिरलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ८ |
| २०८२।०३।२३ | ९:४० बजे | ठेक्का नं. NCB/IRM/07/080/81 सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ९ |

## पूर्व बैठकको समीक्षा

मिति २०८२।०३।०५ मा बसेको ५६ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**मिति २०८२।०३।२३ मा बसेको ५७ औं कार्यपालिका बैठकको निर्णयहरुः**

**निर्णय नं.१:** इच्छाकामना गाउँपालिकाको दोस्रो पञ्चबर्षिय आवधिक योजना (२०८२।०८३-२०८६।२०८७) स्वीकृत गर्ने।

**निर्णय नं.२:** इच्छाकामना गाउँपालिकाको ग्रामिण सडक गुरुयोजना (MTMP), २०८२ स्वीकृत गर्ने।

**निर्णय नं.३:** इच्छाकामना गाउँपालिकाको पञ्चबर्षिय रोजगार रणनीति (२०८२।०८३-२०८६।२०८७) स्वीकृत गर्ने।

**निर्णय नं.४:** श्री राष्ट्रिय मा.वि. हात्तीबाङ्गको विद्यालय परिसरमा सरस्वतीको मन्दिर बनाउँदा लागेको खर्च प्राविधिक बिल बमोजिम बढिमा रु. १५,०००।-(अक्षरेपि पन्ध्र हजार मात्र) विद्यालयको खातामा निकासा गर्ने।

**निर्णय नं.५:** ईलाका प्रहरी कार्यालयले सवारी मर्मत गरेको खर्च बापत प्राप्त बिल भर्पाईका आधारमा अधिकतम रु. ६५,०००।-(अक्षरेपि पैंसठ्ठी हजार मात्र) भुक्तानी दिने साथै उक्त कार्यालयलाई बर्षायामको समयमा बाढि, पहिरो जस्ता विपद्जन्य घटनाहरुमा उद्दार तथा सडक सरसफाईको लागि ३०० लि. डिजेल उपलब्ध गराउने।

**निर्णय नं.६:** आ.व. २०८१।०८२ को तेस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२ साल असार ३२ गते बुधबारका दिन विहान ११:०० बजे गाउँ कार्यपालिकाको कार्यालयमा सञ्चालन गर्ने।

**निर्णय नं.७:** यस इच्छाकामना गाउँपालिकाको ठेक्का नं. NCB/IRM/11/081/082 "Remaining works of Administrative Building of Ichchhakamana Rural Municipality" को म्याद प्रथम पटकका लागि २०८२ साल पौष मसान्त सम्म थप गर्ने।

**निर्णय नं.८:** २ नं. वडा मा रहेको बालगौरी पाथिभरा सिंहदेवी माई मन्दिरमा दैनिक नित्य पुजाको लागि आवश्यक पुजा सामाग्री खरिद गर्दा लागेको खर्चको प्राप्त बिल भर्पाईका आधारमा अधिकतम रु.५०,०००।-(अक्षरेपि पचास हजार मात्र) आर्थिक सहायता स्वरुप धार्मिक तथा सांस्कृतिक संस्था सहायता शिर्षकबाट उक्त मन्दिर संरक्षण समितिको नाममा भुक्तानी दिने।

**निर्णय नं.९:** वडा नं. ७ मा सञ्चालित ठेक्का नं. NCB/IRM/07/080/81 दाहाखानी स्कूल देखि नयाँटार गाउँ सडक स्तरोन्नती कार्यको लागि मिति २०८१।०३।१८ गते भएको निर्णय नं. २ बमोजिम कार्य प्रगतिका आधारमा भुक्तानी बाँकी शिर्षकबाट रकम भुक्तानी गर्ने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत